# हेटौंडा राजपत्र

हेटौंडा उपमहानगरपालिकाद्वारा प्रकाशित

| | | | |
|---|---|---|---|
| खण्डः १ | सङ्ख्याः २ | भागः ४ | मितिः २०७८।०१।१४ |


## हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको निर्णय सम्बन्धी

<u>निर्णयः</u>

**१) प्रस्तावः कोभिड महामारी ब्यवस्थापन सम्बन्धमा ।**

निर्णयः महामारीको रुपमा दिन प्रतिदिन फैलिदै गएको कोभिड-१९ भाइरस यस हेटौडा नगर क्षेत्रमा तीब्र रुपले फैलिरहेको र यसको समयमा नै रोकथामका उपायहरु अवलम्बन नगरेको खण्डमा झन स्थिति भयावह हुने सम्भावनालाई मध्यनजर गरी उपमहानगरपालिकाबाट निरन्तर चेतनामुलक सन्देशहरु प्रवाह गर्ने, आइसोलेशन⁄ क्वारेन्टाइन सञ्चालन, संक्रमित⁄विरामी ओसार पसार गर्ने तथा सो संग सम्बन्धीत अन्य कार्यमा आवश्यक सहजकर्ताको भूमिका निर्वाह गर्ने । साथै कोरोना रोकथामको कार्यमा सबै पदाधिकारी ⁄ कर्मचारी खटिने । आ-आफ्नो वडाक्षेत्र भित्र स्वास्थ्य सम्बन्धी मापदण्ड पालन गर्ने गराउने कार्यमा वडाध्यक्ष ⁄ जनप्रतिनिधिहरु र टोल विकास समितिलाई परिचालन गर्ने ।

**२) प्रस्तावः मेयरकप फूटबल प्रतियोगिताको रकम भुक्तानी सम्बन्धमा ।**

निर्णयः उपमहानगरपालिका क्षेत्र भित्र मेयरकप फूटबल प्रतियोगिता सञ्चालन गर्न सम्बन्धित वडाले टोली निर्माण गर्ने क्रममा तयारीको लागि वार्षिक रकम छुट्याई कार्यक्रम सम्पन्न भएकोमा सोहि अनुसार भुक्तानी हुने र बार्षिक कार्यक्रममा रकम नछुट्याई अपुग भएको हकमा त्यस्ता वडाहरुलाई प्रति वडा बढीमा ५०,०००।-(पचास हजार मात्र) सम्म खेलखुद कार्यक्रम सहयोग २२५२२ शिर्षक अर्न्तगत विनियोजित रकमबाट भुक्तानी गर्ने ।

हेटौंडा राजपत्र

**३) प्रस्तावः रकम भुक्तानी सम्बन्धमा ।**

निर्णयः नेपाल नगरपालिका संघबाट यस उपमहानगरपालिकामा प्रादेशिक नगर अध्ययन केन्द्र स्थापना भई केन्द्रको सुदृढीकरणका लागि भिडियो कन्फिरेन्स सिस्टम जडान गरिएको र सो कार्यक्रमको भुक्तानीको लागि नेपाल नगरपालिका संघबाट मिति २०७७।१२।१६ मा अनुरोध/सिफारिस भै आएकोले सामग्री खरिद गरिएबापत Prime Solution Pvt Ltd लाई रु २४५१७६।- (दुई लाख पैतालिस हजार एक सय छयत्तर रुपैया मात्र) भुक्तानी दिने ।

**४) प्रस्तावः जग्गा उपलब्ध गराउने सम्बन्धमा ।**

निर्णयः नेपाल उद्योग बाणिज्य महासंघ बागमती प्रदेशको प्रदेश भवन निर्माणको लागि जग्गा उपलब्ध गराउन माग भई आए अनुसार जग्गाको खोजी गरी सिफारिस गर्ने ।

**५) प्रस्तावः बाटो सार्वजनिक गर्ने सम्बन्धमा ।**

निर्णयः उपमहानगरपालिकाद्धारा गठित बाटो सार्वजनिक सिफारिस समितिले देहाय बमोजिमका व्यक्तिहरुले बाटो सार्वजनिक गर्न निवेदन पेश गर्नु भएकोमा समितिको सिफारिस बमोजिम देहाय बमोजिमको  व्यक्तिगतहरुको नाममा समेत रहेको बाटो सार्वजानिक गर्नेः

श्री कुमारी भट्टराई, हेटौंडा - १६
श्री प्रीया कुमारी ढुंगाना, हेटौंडा -१७
श्री रुपेश लाल श्रेष्ठ, हेटौंडा - २
श्री संजीव राज थापा, हेटौंडा - ६
श्री इश्वरी प्रसाद बखेल, हेटौंडा -७
श्री गोविन्द प्रसाद सुवेदी, हेटौंडा -४

**६) प्रस्तावः भलिवल प्रतियोगिता संचालन सहयोग सम्बनधमा ।**

निर्णयः जिल्ला स्तरीय महिला भलिवल प्रतियोगिता सञ्चालन गर्न १९ नं. वडाबाट रकम माग भै आएकोले रु १,००,०००।- (एक लाख ) उपलब्ध गराउने ।

**७) प्रस्तावः परियोजनाको भुक्तानी सम्बन्धमा**

निर्णयः आ.व. २०७६।०७७ मा कार्यान्वय सुरु भई भुक्तानी हुन बाँकी रहेका निम्न परियोजनाहरुको निम्न बमोजिमको रकम निम्नानुसार कर कट्टा गरी भुक्तानी दिने ।

| क्र.स. | परियोजनाको नाम | रकम |
|---|---|---|
| १ | कालिका मन्दिर जाने बोटो कलभर्ट निर्माण गर्ने योजना वडा नं. ३ | २५०००००।- |
| २ | बनस्खण्डी मनकामना मार्ग मर्मत/स्तरोन्नती | ५०००००।- |

**८) प्रस्तावः योजनाहरुको म्याद थप सम्बन्धमा**

निर्णयः हेटौडा उपमहानगरपालिका कार्यालयको गत आर्थिक बर्ष २०७६।०७७ को मा तपसिल बमोजिमको योजनाहरुको रकम स्वीकृत भई सम्झौता भएकोमा Covid-19 संक्रमणको कारण नेपाल सरकारद्धारा लकडाउन घोषणा गरेको कारण सम्झौता बमोजिम तोकिएको समयमा कार्य सम्पन्न हुन नसकी कार्यालयले विभिन्न मितिमा म्याद थप गरेकोमा सो थप गरिएको

म्यादमा समेत कार्य सम्पन्न नभई पूनः म्याद थपको लागि अनुरोध भई आएकोले तपशिल बमोजिमको योजनाको तपशिल बमोजिम म्याद थप गर्ने ।

| क्रस | योजनाको नाम | स्वीकृत रकम | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति | म्याद थप गर्नु पर्ने अवस्था |
|---|---|---|---|---|---|
| १ | चाइना क्वाटरमा नाला निर्माण गर्ने कार्य हेटौडा १ | १५०००००।- | २०७७।०२।२१ | २०७७।०८।३० | २०७७।०९।२९ |
| २ | खोप केन्द्र भवन निर्माण गर्ने कार्य हेटौडा १८ | ४०००००।- | २०७६।१२।०४ | २०७७।०८।३० | २०७७।०२।३० |
| ३ | मिलनटोल खोल्सीमा मर्मत गर्ने कार्य | ३३६२९८।०० | २०७७।०२।१८ | २०७७।०९।१५ | २०७८।०२।३० |

**९) प्रस्ताव : ईजाजत सम्बन्धमा ।**

निर्णयः हेटौंडा उपमहानगरपालिकाबाट स्वीकृत मापदण्ड पूरा गरी इजाजत प्राप्तिका लागि देहाय बमोजिमको 'घ' वर्गको निर्माण व्यवसायीबाट व्यवसाय दर्ताको लागि अनुरोध भै आएको हुँदा व्यवसाय इजाजत दिने ।

| क्रस | कन्स्ट्रक्सनको नाम | प्रोपाइटरको नाम | ठेगाना |
|---|---|---|---|
| १ | सेनोरिया कन्स्ट्रक्सन प्रा.लि. | अभिमन्यु कुमार सेनुरिया | हेटौडा ५ |
| २ | मकवानपुर कन्स्ट्रक्सन कम्पनी प्रा.लि. | कर्म तामाङ | हेटौडा १४ |
| ३ | सम्पदा निर्माण तथा सप्लायर्स सेवा प्रा.लि. | विष्णु कुमार बस्नेत | हेटौडा १८ |
| ४ | विशेष निर्माण सेवा प्रा.लि. | विवेक सापकोटा | हेटौडा ६ |
| ५ | जयमाता प्रोपर्टी हाउजीङ प्रा.लि. | पारस गौतम | हेटौडा ६ |

**१०) प्रस्तावः कार्यविधि स्वीकृती सम्बन्धमा**

निर्णयः हेटौंडा उपमहानगरपालिका कन्टीजेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि, २०७८ कानुन मस्यौदा समितिबाट स्वीकृतिका लागि सिफारिस भई आएकोले उक्त कार्यविधि स्वीकृत गरि लागू गर्ने ।

**११) प्रस्ताव : जोखिम भत्ता सम्बन्धमा ।**

निर्णयः महामारीको रुपमा दिन प्रतिदिन फैलिदै गएको कोभिड-१९ भाइरस यस हेटौडा नगर क्षेत्रमा तीब्र रुपले फैलिएको र यसको समयमा नै रोकथामका उपायहरु अवलम्बन नगरेको खण्डमा झन स्थिति भयावह हुने सम्भावनालाई ध्यानमा राखी यसको रोकथाम, न्यूनीकरण र व्यवस्थापनमा खटिने तपशिल बमोजिमको व्यक्तिहरुलाई खटिएको प्रमाणको आधारमा जोखिम भत्ता उपलब्ध गराउनेः

क) जनस्वास्थ्य आपतकालिन व्यवस्थापन उपसमिति

ख) द्रुत प्रतिकार्य टोली/कन्टयाक ट्रेसीङ टिम

ग) आइसोलेसन सञ्चालन व्यवस्थापन

घ) आइसोलेसन फोकल पर्सन /स्वास्थ्यका कर्मचारीहरु

ङ) एम्बुलेन्स / शव वाहन चालक

च) नगर प्रहरी र सर-सफाई कर्मी/ काजमा खटाइएका/परिचालित अन्य कर्मचारीहरु

छ) पदाधिकारी/ प्रशासनको आदेशमा खटिएका अन्य कर्मचारीहरु

**१२) प्रस्तावः इन्धन उपलब्ध गराउने**

निर्णय : कोभिड-१९ को विरामी ओसार पसार र मृतकको व्यवस्थापन गर्न सञ्चालन हुने एम्बुलेन्स र शववाहनको इन्धन उपमहानगरपालिकाले उपलब्ध गराउने ।

**१३) प्रस्तावः कार्यविधि स्वीकृती सम्बन्धमा**

निर्णयः हेटौंडा उपमहानगरपालिका कन्टिजेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि, २०७८ कानुन मस्यौदा समितिबाट स्वीकृतिका लागि सिफारिस भई आएकोले उक्त कार्यविधि स्वीकृत गरि लागू गर्ने ।

**१४) प्रस्तावः क्षमापूजा सहयोग सम्बन्धमा ।**

निर्णय : श्री भुटनदेवी मन्दिर ब्यवस्थापन तथा धार्मिक पर्यटन विकास समितिले आयोजना गरेको विशाषय क्षमापूजाको लागि रु ३००००।- (तीस हजार मात्र) आर्थिक सहयोग दिने ।

**१५) प्रस्तावः परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा ।**

निर्णयः चालु आ.व.मा यस उपमहानगरपालिकाको स्रोतबाट कार्यान्वयन हुने विभिन्न विकास निर्माणको लागि ठेक्का आव्हान गरी ठेक्का सम्झौता गर्दा ठेक रकम भन्दा घटी कबोल सकारबाट बचत हुन आएको रकमबाट सम्बन्धित वडाको माग/ आवश्यकता अनुसार अन्य परियोजना/ कार्यक्रमहरु प्राविधिक अध्ययन /परामर्शको आधारमा लागत अनुमान तयार गरी एवं अन्य आवश्यक प्रक्रिया पूरा गरी उपभोक्त समिति मार्फत कार्यान्वयन गर्ने / गराउने ।

**१६) प्रस्ताव : सम्झौता नवीकरण सम्बन्धमा ।**

निर्णयः ब्रह्मकुमारी राजयोगसंगको पुष्पलाल पोखरी पार्क सम्बन्धी सम्झौता यस अघिको मिति २०७८।०१।०५ को निर्णयानुसार २०७७ श्रावण देखि २०७८ आषाढ मसान्त सम्मको लागि सम्झौता नवीकरण गरिएकोमा २०८२ असाढ मसान्त सम्मको लागि सम्झौता नवीकरण गर्ने ।

**१७) प्रस्तावः पूल निर्माण गर्न स्वीकृती दिने ।**

निर्णयः हेटौडा उपमहानगरपालिका वडा नं. ६ कान्ती लोकपथबाट बारुते प्रवेशको लागि कर्राखोलामा कंक्रिट पूल निर्माण गर्न स्वस्तीक डेभलपर्स प्रा.लि. र रोहिणी हाउजीङ एण्ड सप्लायर्स प्रा.लि. हेटौंडाले डि.पि.आर. एवं लागत अनुमान तयार गरी आफ्नो खर्चमा पूल निर्माण गरिदिने प्रस्ताव पेश गरेकोमा विकास निर्माणको कार्यमा निजी क्षेत्रको सहकार्यले स्रोत जुटाउन सहजता हुनुका साथै पुल निर्माणबाट नगरको सम्बृद्धिमा दुरगामी सकारात्मक प्रभाव

हेटौंडा नगरपत्र

पर्ने हुनाले उक्त कम्पनीहरुबाट आफ्नै लागतमा निर्माण गर्न प्रस्ताव गरिएको कर्राकरीडोरमा निर्माण हुने कान्ती लोकपथ-बारुते २३.८० मीटर लम्बाई र ७ मिटर चौडाइको पुल (Concrete Box Bridge) निर्माण गर्न देहाय बमोजिम हुनेगरी स्वीकृति दिने ।

क) उपमहानगरपालिकाबाट कुनै पनि किसिमको आर्थिक दायित्व नब्यहोरिने,

ख) पुल निर्माणको सामान्य सुपरीवेक्षण र अनुमगन उपमहानगरपालिकाले गर्ने,

ग) निर्माण सम्पन्न पश्चात उक्त पुल उपमहानगरपालिकालाई हस्तान्तरण गर्नुपर्ने ।

**१८) प्रस्तावः प्रकोप ब्यवस्थापन कोषको क्रियाकलाप/रकम संसोधन**

निर्णयः विश्वब्यापी महामारीको रुपमा फैलिएको कोभिड १९ रोगको संक्रमणको दोस्रो चरणबाट नेपालमा समेत संक्रमण तिब्र रुपमा फैलिएको र हेटौडा उपमहानगरपालिकामा समेत त्यसको ब्यापक प्रभाव देखिन थालेकोले सोको रोकथाम, उपचार र ब्यवस्थापनकोलागि क्रियाकलापगत रुपमा विनियोजित अपुग भएकोले प्रकोप ब्यवस्थापन कोषको चालु आ.व.को विनियोजनमा फरक नपर्ने गरि देहायबमोजिम क्रियाकलाप/रकम संसोधन स्वीकृत गरी कार्यान्वयन गर्ने ।

| क्र.स. | कार्यक्रम /आयोजना/ क्रियाकलापको नाम | खर्च शिर्षक | विनियोजन | खर्च | मौज्दात | अव कायम हुने बजेट | कार्यक्रमका लागि बजेट थप/घट |
|---|---|---|---|---|---|---|---|
| १ | अन्य सस्था सहायता | २५३१५ | ६०००० | ० | ६०००० | ६०००० | |
| २ | अन्य सार्वजानिक निर्माण खर्च ( बाढी पहिरो | ३११५९ | १४९७०००० | २४१९९७ | १४७२८००३ | ९९७०००० | ५०००००० घटाउने |
| ३ | उद्धार राहत तथा पुनर्स्थापन खर्च | २७२१२ | ९९००००० | ७९७७०७।३ | ९१०२२९३ | ४०००००० | ५९००००० घटाउने |
| ४ | औषधि खरिद खर्च स्वास्थ्य सामग्री समेत | २७२१३ | १५००००० | ७९४६१९।१ | ७०५३८१ | १५००००० | |
| ५ | पत्र पत्रिका छपाई तथा सूचना प्रकाशन खर्च | २२१३५ | २००००० | ० | २००००० | २००००० | |
| ६ | मेशीनरी औजार | ३११२२ | १०००००० | २५४९९।५८ | ९७४५००।४ | १०००००० | |
| ७ | विविध कार्यक्रम | २२५२२ | ९००००० | ० | ९००००० | ६८००००० | ५९००००० बढाउने |
| ८ | स्थानीय भत्ता (कोभिड १९ मा खटिइएका कर्मचारीहरुको लागि ) | २११३१ | ३०००००० | २४९३८३६ | ५०६१६४।३ | ८०००००० | ५०००००० बढाउने |
| ९ | सवारीसाधन तथा मेशिनरी भाडा | २८१४३ | २००००० | ० | २००००० | २००००० | |
| | **जम्मा** | | **३२२७००००** | **४३५३६५९** | | **३२२७००००** | |

**१९) प्रस्तावः कार्यक्रम/क्रियाकलाप संसोधन सम्बन्धमा ।**

निर्णयः चालु आर्थिक बर्ष २०७७।०७८ को स्वीकृत कार्यक्रम कार्यान्वयनको क्रममा पूर्वाधार विकास क्षेत्रको भवन आवास तथा शहरी विकास उपक्षेत्र अन्तर्गत सि.नं. १२१३१४ को अनुसन्धान तथा परामर्श खर्च, सम्भाव्यता अध्ययन, डिजाइन र अध्यय सम्बन्धी शिर्षकको कार्यक्रम/क्रियाकलाप र रकम देहाय अनुसार संसोधन स्वीकृत गर्ने ।

| सि.नं. | कार्यक्रम/ क्रियाकलाप | विनियोजित/कायम भएको रकम |
|---|---|---|
| १ | बहुउदे्श्यीय भवन (सपिङ कम्प्लेक्स तथा भ्यूटावर र सभाहल) को डिपिआर तयार पर्ने) वडा नं. ४ | १९०००००।- |

| | | |
|---|---|---|
| २ | सपिङ कम्प्लेक्स सहितको भवनको डिपिआर तयार पार्ने (साविक १० नं. वडा कार्यालय रहेको भवन) वडा नं. १० | १४०००००।- |
| ३ | बहुउद्देश्यीय भवन (सपिङ कम्प्लेक्स तथा भ्यूटावर र सभाहल) को वातावरणीय अध्ययन तयार पार्ने वडा नं. ४ | ५०००००।- |
| ४ | सपिङ कम्प्लेक्स सहितको भवनको वातावरणीय अध्ययन तयार पार्ने (साविक १० नं. वडा कार्यालय रहेको भवन ) वडा नं. १० | ५०००००।- |
| ५ | बस पार्क तथा बस टर्मिनल कम्प्लेक्स निर्माण कार्यको सुपरभिजनको लागि परामर्शदाता छनौट कार्य आव ०७७।०७८ | २००००००। |
| ६ | उपमहानगरपालिकाको सम्पुर्ण वडा कार्यालयहरुको डिजाइनमा एकरुपता ल्याउनको लागि वडा कार्यालय भवनहरुको डिपिआर तयार गर्ने | ८०००००। |
| ७ | उपमहानगरपालिका क्षेत्रभित्र बन्ने ३,४,५,६ मिटर स्पानको कल्भर्टको डिजाईन गर्ने कार्य | ५०००००।- |
| ८ | उपमहानगरको विषय क्षेत्रगत सूचना प्रविधि क्षमता विकास तथा सफ्ट्वेयर जडान अन्तर्गत:<br>(क) शैक्षिक व्यवस्थापन एकिकृत सूचना प्रणाली (विद्यालयको छुट्टै वेभसाइट)<br>ख) डिजिटाइज्ड/अटोमेटेड आइडि कार्ड सिस्टम | <br>१६०००००।-<br>५०००००।- |
| ९ | फुटसलको भौतिक संरचना निर्माणको लागि स्टिल स्ट्रचरको डिजाइन गर्ने कार्य | ३०००००।- |

**२०) प्रस्ताव : प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा ।**

निर्णय : प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत विभिन्न क्रियाकलाप सञ्चालन गर्न मिति २०७७।११।२३ गतेको कार्यपालिकाको निर्णयानुसार स्वीकृत भएका कार्यक्रमहरु मध्ये छोटो समयमा सम्पन्न गर्न नसकिने केहि परियोजना कार्यक्रम संसोधन गर्नुपर्ने देखिन आएको हुँदा देहाय बमोजिम संसोधन स्वीकृत गर्ने ।

| सि.नं. | वडा नं. | योजनाको नाम | अनुमानित बजेट |
|---|---|---|---|
| १ | १८ | गुम्बाडाँडा पर्यटन प्रवद्धन स्थत मर्मत कार्य | ७५००००।- |
| २ | ८ | लोकतान्त्रिक पार्क (राजपानी) मा बाँध मर्मत तथा सरसफाई | ४७८७३७।- |
| ३ | २ | बनस्खण्डीको बाटो तथा कुलो मर्मत | २०००००।- |
| ४ | १२ | भोर्ले वि.क. टोल आल्दमार जाने बाटो खन्ने कार्य | ५०००००।- |
| ५ | १४ | पदमार्ग निर्माण (डाइभर डाँडादेखि उत्तरपानीको सिरानटोल सम्म) | ५०००००।- |

**२१) प्रस्तावः आखाँ अस्पताललाई सहयोग उपलब्ध गराउने सम्बन्धमा ।**

निर्णयः मिति २०७८।०१।०५ मा भएको निर्णय बमोजिम निर्णय नं.१ को सि.नं. २ हेटौंडा सामुदायिक आँखा अस्पताललाई रु.१०,००,०००। (अक्षेरुपी दश लाख रुपैया) उपलब्ध गराउने निर्णय भए अनुसार चालु आ.व.०७७।७८ को स्वीकृत बार्षिक कार्यक्रम ब.उ.सि.नं.८०३३२३०११०१ उपक्षेत्र स्वास्थ्य तर्फ सि.नं. ७ मा गर्भवती महिलाहरुलाई गर्भवती भएको समयमा कम्तिमा एक पटक भिडियो एक्सरे सेवा तर्फ विनियोजित बजेट रु.१२,००,०००।

(अक्षेरुपी बाह्र लाख रुपैया) कार्यक्रम हालको कोभिड संक्रमणको विषम परिस्थितीको कारण कार्यक्रम संचालन हुन नसक्ने भएकोले सो मध्येबाट रु.१०,००,०००। (अक्षेरुपी दश लाख रुपैया) संशोधन गरी हेटौंडा सामुदायिक आँखा अस्पताललाई उलपब्ध गराउने ।

**२२) प्रस्तावः वडा नं. १४ को वडासमितिको निर्णय अनुमोदन गर्ने सम्बन्धमा ।**

हेटौडा उपमहानगरपालिकाको आ.व. ०७७।०७८ को पर्यटन उपक्षेत्र अन्तर्गत हेटौडा उपमहानगरपालिका वडा नं. १४ मा होम स्टे संचालनको लागि रु ५००,०००।- बजेट विनियोजन भएकोमा हे.उ.म.न.पा. १४ वडा कार्यालयको च.नं. २६७५ मिति २०७८।०१।२७ को पत्राबट सो योजना संशोधन गरी स्लाव ढलान योजना कायम गरी योजना सम्झौताको लागि वडा समितिको मिति २०७७।११।१३ को निर्णय सहित अनुरोध भई आएकोमा उक्त योजना संशोधन गरी पेमाश्री लामा तितुङको अध्यक्षतामा गठित उपभोक्ता समिति संग योजना सम्झौता गर्ने कार्यालयको मिति २०७८।०१।२७ को निर्णय अनुमोदन गर्ने ।

**२३) प्रस्तावः योजना कार्यान्वयन गर्ने सम्बन्धमा ।**

निर्णयः हेटौडा उपमहानगरपालिकाको आ.व. ०७६।०७७ बासुदेव सभागृह देखि भैरबरोड सडक स्तरीकरण योजनाको लागि रु २२५२३८५।९६ को लागत अनुमान तयार भई कार्यालयबाट १९१४५२८।०६ को उपलब्ध गराउने बाँकी रु ३३७८५७९ उपभोक्ता समितिबाट ब्यहोरीने गरी मिति २०७७ पौष मसान्त सम्म सम्पन्न गर्ने गरी नगर विकास सडक स्तरीकरण उपभोक्ता समिति संग २०७७।०३।०४ मा सम्झौता भएकोमा हेउमनपा ४ नं. वडा कार्यालयको च.नं. १९९८ मिति २०७७।०९।२३ को पत्रबाट सो योजनाको रकम कर्रा गर्दाइ सडक स्तरीकरणको लागि उपलब्ध गराइदिनुहुन अनुरोध भई आएकोले नगर विकास सडक स्तरीकरण उपभोक्ता समिति संग भएको सम्झौता रद्ध गरी कर्रा गर्दोई सडक स्तरीकरण हेटौडा ४ लाई उक्त विनियोजित रकम रु १९१४५२८।०६ उपलब्ध गराउने गरी योजना कार्यान्वयन गर्ने ।

**२४) प्रस्तावः अत्याधुनिक ब्यापारिक भवन सम्बन्धमा ।**

निर्णयः हेटौडा उपमहानगरपालिका वडा नं. ४ स्थित हुप्राचौरको कि नं. ३४९६ को ज.वि. ८-१२-८ मध्येबाट दक्षिणपूर्व तर्फबाट हेटौडा उपमहानगरपालिकालाई पूर्व निर्णय अनुसार साविकमा बासुदेव सभागृह निर्माण गर्नका लागि सैद्धान्तिक सहमति प्रदान गरी सभागृह निर्माण गरिएकोमा हाल उक्त सभागृह सञ्चालन नभएकोले उक्त स्थानमा अत्याधुनिक ब्यापारिक भवन Multipurpose Shopping Complex with view Tower निर्माण गर्न उक्त जग्गा माग भई आएकोले उक्त भवनले चर्चेको क्षेत्र १-६-० जग्गा हेटौडा उपमहानगरपालिकालाई उपलब्ध गराउने ।

**२५) योजना सम्झौता गर्ने म्याद सम्बन्धमा ।**

निर्णयः यस कार्यालयको चालु आर्थिक बर्ष ०७७।०७८ मा स्वीकृत योजनाहरु सम्झौता गर्ने सन्दर्भमा नगर कार्यपालिकाको मिति २०७७।०१।०५ को बैठकबाट २०७८।०१।२० गते भित्र सम्झौता गर्ने गरी सूचना प्रवाह गर्ने निर्णय भएकोमा सो अवधिमा समेत कतिपय योजना सम्झौता हुन नसकेकोले सो समय सिमा भन्दा पश्चात भएका सम्झौताहरु अनुमोदन गर्दै २०७८।०२।०७ गते सम्म सम्झौता गर्ने गरी वडा स्तरमा सूचना प्रवाह गर्ने ।

**२६) मेयर कप फुटवल प्रतियोगिता सम्बन्धमा**

निर्णय : यस उपमहानगरपालिकाको स्वीकृत बार्षिक योजना तथा कार्यक्रम अनुसार मेयर कप फुटवल प्रतियोगिता सञ्चालनका लागि स्वीकृत बजेट रकम रु १००००००।- मा प्रतियोगिता सञ्चालनका सन्दर्भमा स्वीकृत रकम अपर्याप्त भई थपप रकम रु १२७५९६।- (स्वीकृत बजेटको

खेलकुद प्रतियोगिता आयोजना सहकार्य शिर्षकबाट ) प्रतियोगिताका लागि थप निकासाको लागि पेश हुन आएकोमा पेश भए बमोजिम थप रकम उपलब्ध गराउने निर्णय गरियो ।

**प्रमुख प्रशासकीय अधिकृत**
**शिवराज चौंलागाई**
**हेटौंडा उपमहानगरपालिका**

**प्रमाणीकरण मितिः-२०७७/०९/०६**

हेटौंडा राजपत्र